स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक




द्वन्द्वकालीन समयको प्रेमकथामा आधारित भएर बनेको फिल्म 'खुस्मा' को छायांकन सकिएको छ । पहिलो चरण मनाङमा र दोस्रो चरण पूर्वी रुकुममा पर्ने दुर्गम पहाडी क्षेत्र मैकोट र ताकसेरा क्षेत्रमा छायांकन गरेपछि एउटा गीत बाँकी राख्दै ४० दिनमा फिल्म 'प्याकअप' भएको हो। गीतको छायांकन भने केही दिनभित्रमा गरिने लेखक तथा निर्देशक अशोक थापा मगरले जानकारी दिए ।

**आजको विचार...**



बजेट...
(दुई पेजमा)

दुर्गा प्रसाद अर्याल



नेपाली फिल्म क्षेत्रमा चकलेटी हिरोहरु अभिनयको दमले भन्दा पनि लुक्सको भरमा चलेका हुन् भन्ने भाष्य बनेको छ । धेरै हदसम्म यसमा सत्यता छ । प्रायः चकलेटी हिरोहरुको 'फ्यान' बनेका दर्शकहरु उनीहरुको लुक्सले नै आकर्षित भएका हुन् । र, मेकरहरु पनि उनीहरुलाई कसरी सुकिलोमुकिलो र चिटिक्क देखाउने भन्नेमै केन्द्रित रहन्छन् । जसले गर्दा पर्दामा अभिनय कच्चा देखिन्छ । अभिनेता प्रदीप खड्काले पनि लुक्सकै भरमा चलेको आरोप खेप्दै आएका थिए ।


❑ वर्ष २९ ❑ अंक २९७ ❑ २०८१ जेठ १४ गते सोमबार 27 May 2024, Monday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-


**संक्षिप्त समाचार**

## आँधी आउने भएपछि सुरक्षित स्थानमा सारियो

(रासस/एपी)

**नयाँदिल्ली,** जेठ १३/बङ्गलादेशले बङ्गालको खाडीमा बनेको शक्तिशाली आँधी आउन लागेपछि आइतबार जोखिममा रहेका क्षेत्रबाट करिब आठ लाख मानिसलाई सुरक्षित स्थानमा सारेको छ । आँधीले आइतबार मध्यराततिर बङ्गलादेश र भारतको पश्चिम बङ्गालका तटहरूलाई पार गर्ने अनुमान गरिएको छ । भारतको मौसम विज्ञान विभागले आइतबार राति पश्चिम बङ्गालको सागर टापु र बङ्गलादेशको खेपुपारा क्षेत्रमा एक सय २० किलोमिटर प्रतिघन्टाको अधिकतम गतिमा आँधी चल्ने अनुमान गरेको छ । बङ्गलादेशका प्रकोप व्यवस्थापन तथा राहतका लागि कनिष्ठमन्त्री मोहिबुर रहमानले मुलुकको तटीय क्षेत्रमा चार हजार आँधी आश्रयबाट मानिसहरूलाई निकाल्न स्वयंसेवकहरूलाई खटाइएको बताए । सरकारले अर्को सूचना जारी नभएसम्मका लागि सबै विद्यालय पनि बन्द गरेको छ । भारतको कोलकाता विमानस्थल आइतबार रातिदेखि २१ घन्टाका लागि बन्द रहनेछ । बङ्गलादेशले दक्षिणपूर्वी सहर चट्टोग्राममा विमानस्थल बन्द गरेको छ भने कक्स बजारबाट आवागमन हुने सबै आन्तरिक उडान रद्द गरेको छ । बङ्गलादेशी अधिकारीहरूले मुलुकको सबैभन्दा ठूलो बन्दरगाह चटगाउँमा लोडिङ र अनलोडिङलाई पनि निलम्बित गरेका छन् भने सावधानीका रूपमा एक दर्जनभन्दा बढी जहाजहरूलाई घाटहरूबाट गहिरो समुद्रमा लैजान सुरु गरेका छन् । जुनदेखि सेप्टेम्बरसम्म चल्ने यस वर्षको मनसुन सिजनअघि बङ्गालको खाडीमा यो पहिलो आँधी हो ।

# सत्ताको बलमिच्याई, आक्रामक बन्दै काँग्रेस

## सदन र सडकबाट सरकारको विरोध





रामचन्द्र रायमाझी

**पाल्पा,** जेठ १३/ सरकारले प्रतिपक्षका कुनै पनि मागहरु सम्बोधन नगरी एकतर्फी सदनमा काम कारवाही अगाडि बढाएको छ । सहकारी प्रकरणमा संसदीय छानविन समिति गठनको माग गर्दै सदनमा निरन्तर विरोध गर्दै आएका नेपाली काँग्रेससहित प्रतिपक्ष दलहरुका मागलाई वेवास्ता गर्दै सत्ता पक्ष अगाडि बढेको हो ।

प्रतिपक्षका मागहरुलाई सम्बोधन गरी सदनका काम कारवाहीहरु अगाडि बढाइनु पर्ने भए पनि सत्तापक्षले जवरजस्त रुपमा सदन अगाडि बढाएका दृश्यहरु पछिल्ला प्रतिनिधि सभाका बैंठकहरुमा देख्न सकिन्छ । आइतबारको प्रतिनिधिसभाको बैंठमा समेत प्रमुख प्रतिपक्षले वेलमा नाराबाजी गरिरहेको बेला आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम पारित गरिएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले जेठ १ गते संघीय संसद्का दुवै सदनको संयुक्त बैठकमा सम्बोधनका क्रममा रहेको सरकारको नीति तथा कार्यक्रमलाई प्रतिनिधिसभाको बैठकले पारित गरेको हो । सभामुख देवराज घिमिरेले सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम बहुमतले पारित भएको घोषणा गरेका थिए । सरकार प्रतिपक्षलाई पेलेरै अगाडि बढ्न थालेपछि प्रमुख प्रतिपक्ष दल आक्रामक बन्दै गएको छ । उसले लाखौं नेपाली जोडिएको सहकारीको बचत रकम अपचलन तथा ठगी गर्नेलाई छानविन गरी कारवाही गर्नुपर्ने माग राख्दै आए पनि सरकारले त्यसको वेवास्ता गर्दै अगाडि बढ्न थालेपछि काँग्रेस आक्रामक बन्दै गएको हो । सरकारले जनताको आवाजलाई नै दवाउन थालेपछि काँग्रेसले सरकारविरुद्ध सदन र सडकबाटै विरोध प्रदर्शन थालेको जनाएको छ । संघीय संसद्मा चालु बजेट अधिवेशनको सुरुवातदेखि नै निरन्तर विरोधमा उत्रिएको कांग्रेसले आइतबारदेखि सत्ताको बलमिच्याई र सहकारी ठगीको विरोध गर्दै सडकबाट पनि विरोध थालेको हो ।

सहकारी ठगीमा उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछानेसमेत मुछिएको भन्दै संसदीय छानबिन समिति गठनको माग गर्दै आएको काँग्रेसले लामिछानेले गृहमन्त्री भएपछि आफूमाथिको अनुसन्धान रोकेको, आफूविरुद्ध समाचार लेखेको प्रतिशोधमा कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियालाई कार्यकक्षमै प्रहरी पठाएर धरपकड गरेको तथा संसद्मा सम्बोधन गर्ने क्रममा काँग्रेसका नेता र सांसदहरुमाथि प्रमाणहीन लाञ्छना लगाइएको विषयलाई विरोध प्रदर्शनका क्रममा जोड दिएर उठाएको छ । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले प्रतिपक्षलाई संसदमा नियन्त्रण र बाहिर प्रश्नलाई नियन्त्रण गर्ने काम राम्रो नरहेको बताएका छन् । उनले नेपाली कांग्रेसले अहिले लिएको अडान आम सर्वसाधारण नागरिकसँग जोडिएको बताए । थापाले सत्ताले रवैया देखाइरहेको र निरङ्कुशता उन्मुख रहेको बताउँदै आएका छन् । अर्का महामन्त्री विश्वप्रकाश शर्माले सरकारको हर्कतको विपक्षमा सडकमा आएर जनतालाई सुसुचित गराउन खोजेको बताए । भ्रष्टाचार प्रकरणलाई ढाकछोप गर्न संगठित अपराध जस्तो प्रवृति प्रस्तुत हुन थालेको उनले बताए । शर्माले केपी ओलीले सहकारी प्रकरणमा मुछिएका गृहमन्त्रीलाई बचाउन लागिपरेको टिप्पणी गरेका छन् । एउटाले सहकारी र अर्कोले गिरिबन्धुलाई मिलाइराख्ने प्रयास गरेको भन्दै उनले अहिलेको गठबन्धनलाई सहकारीबन्धु गठबन्धनको संज्ञा दिए । काँग्रेस नेताहरु सहकारी पीडितसँगै सडक आन्दोलनमा उत्रिएका छन् । नेता कार्यकर्ताहरुले सहकारी बचत अपचलन गर्नेहरुलाई कारबाही हुनुपर्ने, मिडियामाथिको हस्तक्षेप बन्द गर्नुपर्ने, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको ग्यारेण्टी गर्नुपर्ने लगायत नाराहरु लेखिएका प्ले-कार्ड प्रदर्शन गरेका छन् ।


**बक्यौता महशुल बारे अत्यन्त जरुरी सूचना**

प्रस्तुत विषयमा यस तानसेन खानेपानी उपभोक्ता समितिबाट धारा जडान गरी खानेपानीको आपूर्ति नियमित प्राप्त गरिरहनुभएका केही उपभोक्ताहरुबाट नियमित खानेपानी महशुल नबुझाउनु भएकोले बुझाउनको लागि गत मिति २०८०/१०/०३ र २०८०/११/२० मा पटक-पटक पत्राचार गरिएको तर महशुल भुक्तान गर्न नआएकाले उपभोक्ता समितिको मिति २०८१ बैशाख २६ गते बसेको कार्य समितिको बैठकले अन्तिम एक पटकको लागि आगामी जेष्ठ २५ गतेसम्म बक्यौता महशुल भुक्तानी गर्न उपभोक्ताहरु माझ यो सूचना प्रकाशित गरिएको छ । तोकिएको समय भित्र बक्यौता महशुल भुक्तानी गर्न नआएमा नियमानुसार धाराको लाइन बन्द गरिने पनि सूचित गरिन्छ ।

**अनुरोधक**
**तानसेन खानेपानी उपभोक्ता समिति**
**तानसेन, पाल्पा**



**सन्तोष चलचित्र मन्दिरमा...**



जेठ १० गतेदेखि भव्यताका साथ प्रदर्शन भइरहेको सुपरहिट नेपाली चलचित्र **'फर्किफर्कि'** र नेपाल अधिराज्यभर अपार सफलतापूर्वक सञ्चालनमा आएको चलचित्र **'पुजार सार्की'** चलिरहेको जानकारी गराउँदछौं । उक्त चलचित्र हेर्न स-परिवार पाल्नु भइ भरपुर मनोरञ्जन लिनुहुन अनुरोध गर्दछौं।

**शो समय :**
**फर्किफर्कि :** पहिलो शो : ११:३० बजे
**पुजार सार्की:** दोस्रो शो : २:३० बजे र साझ ५:३० बजे
(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)

टिकट बुकिङ्
नं. : ९८४७३९८५५९


# छुट्टाछुट्टै सवारी दुर्घटनामा पाँचको मृत्यु



**पाल्पा,**जेठ १३/देशका विभिन्न जिल्लामा भएका छुट्टाछुट्टै सवारी दुर्घटना पाँच जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार सुनसरी, सर्लाही, मकवानपुर जिल्लाका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै दुर्घटनामा पाँच जनाको मृत्यु भएको हो ।

सुनसरीको बराहक्षेत्र नगरपालिका-२ करमखोला पुलस्थित सडकमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । तेर्हआदीबाट चतरातर्फ जाँदै गरेको को.२८ प ४७५८ नम्बरको मोटरसाइकल दुर्घटना हुँदा मोटरसाइकलमा सवार सोही नगरपालिका-२ सखुवागाछी बस्ने ३५ वर्षीय पुष्प बस्नेतको छोरा ७ वर्षीय अनुभव बस्नेतको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान घोपा धरानमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । यस्तै सर्लाहीको बसबरिया गाउँपालिका-१ मानपुस्थित सडकमा ट्याक्टरले किचेर एक जनाको मृत्यु भएको छ । प्र.२-०२-००१ त २२८० नम्बरको ट्याक्टरले किचेर धनकौल गाउँपालिका-३ हरकठवा बस्ने ३० वर्षीय सुरेश कुमार सिंहको मृत्यु भएको हो ।

मकवानपुरको हेटौंडा उपमहानगरपालिका-३ तिनताप्केस्थित सडकमा गाडीको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ । नेवारपानीबाट लेवटतर्फ जाँदै गरेको ना.१ ज ७५६० नम्बरको म्याजिक गाडीको ठक्करबाट पैदलयात्री सोही उपमहानगपालिका-१२ बनस्पति बस्ने ५५ वर्षीय श्यामबहादुर विकको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको हेटौंडा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । यसैगरी मकवानपुरको मनहरी गाउँपालिका-६ नयाँ बजारस्थित सडकमा ट्रकले मोटरसाइकललाई ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ । ना.५ ख ७७२१ नम्बरको ट्रकले बा.प्र.-०३-००४ प ६९७३ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक हेटौंडा उपमहानगरपालिका-८ कमाने बस्ने ४५ वर्षीय दिनेश कार्कीको मृत्यु भएको हो । ठक्करबाट गम्भीर घाइते भएका उनको नयाँ मेडिकल कलेज भरतपुर चितवनमा उपचारको क्रममा मृत्यु भएको जनाइएको । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

यस्तै उदयपुरको उदयपुरगढी गाउँपालिका-६ दनुवार बेसीस्थित सडकमा नम्बर नखुलेको सवारी साधनको ठक्करबाट एक महिलाको मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएको अवस्थामा ति महिला फेला परेको उनको जिल्ला अस्पताल उदयपुरमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । उनको अहिलेसम्म पहिचान खुल्न सकेको छैन । सम्पूर्ण दुर्घटनाका विषयमा थप अनुसन्धान भइरहेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## फेरि कोरोनाप्रति सतर्क रहौं

**केही समय शून्य जस्तै बनेको कोरोना महामारी फेरी देखा पर्न थालेको छ । शुक्रबार कोरोना भाइरसको नयाँ सब भेरियन्ट 'केपी' संक्रमण देखिएको छ । यसले थप त्रास पैदा गराएको छ । यस अघि ठूलो संख्यामा मानवीय क्षति पुर्‍याउनुका साथै विश्वकै अर्थतन्त्र तहसनहस बनाएको कोरोनाले अहिले विभिन्न स्वरुप परिवर्तन गर्दै देखा परेको छ । अहिले देखा परेको भेरियन्टले पनि थप महामारीको समस्या निम्त्याउने हो कि भन्ने त्रास पैदा गराएको छ । यसबाट बच्न सबैले सर्तकता भने अपनाउनु पर्छ ।**

**अनेक प्रकारका खोपको विकासले मुख्य संक्रमण नियन्त्रणमा आएको भए पनि पूर्ण रूपमा निर्मूल हुन भने सकिरहेको छैन । बेला मौकामा नयाँ प्रजातिका रूपमा देखा पर्ने संक्रमणका कारण पुनः ठूलै संक्रमण त फैलिने होइन भन्ने त्रास कायमै छ । जसले गर्दा स्वास्थ्य सावधानी अपनाइरहन छोड्न नहुने भएको हो । अहिले देखा परेको सबभेरियन्ट त्यति हानिकारक नभएको बताइएको छ । तर संक्रमणका रूपमा देखिएका भेरियन्ट र सबभेरियन्टहरू जतिसुकै हानिकारक छैनन् भनिए पनि हेलचेक्र्याइँ गर्न नहुने विज्ञहरूको सुझाव छ । गर्मी महिना छ, यो समयमा रोगको त्रास जाडोमा भन्दा बढी हुन्छ । त्यसै पनि यसबाट बच्न सर्तकता अपनाउनु आवश्यक छ ।**

**संक्रमणको फैलावट रोकथाम गर्नका लागि स्वास्थ्य मन्त्रालयले सर्वसाधारणलाई जनस्वास्थ्यका मापदण्ड पालना गर्दै भिडभाडमा नजान, भौतिक दुरी कायम गर्न, मास्कको प्रयोग गर्न र साबुनपानीले हात धुन अपिल गरेको छ । यो आग्रहलाई सामान्य रुपमा लिईनु हुँदैन । खोप लगाउन बाँकी भए खोप लगाई हाल्नुपर्छ । रोग लाग्नु भन्दा लाग्नै नदिनु राम्रो हो । यसलाई सामान्य रुपमा लिई हेलचेक्र्याइँ गरिँदा परिवारहुँदै समुदायमै फैलिन सक्ने खतरा रहन्छ । यसर्थ महामारीबाट बच्न सबैले पुनः सर्तकता अपनाउन जरुरी छ ।**

### Opinion @ Social Network

सुन्दरता त केबल केही समयको आकषर्ण मात्रै हो,
सबैको मन जित्न त ब्यबहार नै राम्रो हुनु पर्छ ।
*(आशा सोमै मगरको फेसबुकस्टाटस https://www.facebook.com/somai.aasha)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बजेट : परम्परागत हैन, जनमुखी ल्याऊ



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

*देशको वास्तविक अवस्था, जनताको दैनिक जीवनस्तरमा परिवर्तन तथा बिग्रदो अर्थतन्त्रलाई सुधार गर्ने पक्षलाई ध्यान दिएर यो बर्षको बजेट निमार्ण हुनुपर्ने जनअपेक्षा रहेको देखिन्छ । बढ्दै गरेका जनताका आवश्यकता र अभावलाई टालटुल पार्न विगतमा जस्तो वितरणमुखी, सस्तो लोकप्रियता, असमानुपातिक, राजनीतिक दल केन्द्रीत बजेट नआओस् । निरन्तरताको क्रमभंग गरेर बजेट आओस । बजेट र यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।*

देशमा कुनै उथलपुथल आएन भने जेठ १५ अर्थात् भोली सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट ल्याउँदै छ । बजेटको मिति नजिकिँदै गर्दा बजेटमा कुन-कुन विषय समेट्ने भन्ने विषयमा सरकारको ध्यान केन्द्रित छ भने कस्तो बजेट आउला भन्ने जनचासो पनि उत्तिकै छ । बजेटको अन्तिम तयारी भइरहँदा यसको आकारका विषयमा पनि एकखालको बहस भइरहेको छ । जेठ महिना अर्थसँग सम्बन्धित महिना पनि हो । यो सर्वसाधरण जनताका लागि पनि उतिकै महत्वको महिना हो । त्यो भन्दा बढी महत्व राजनीतिक नेतृत्व ,मन्त्री सांसद तथा कार्यकर्ता लागि देखिन्छ । आफ्ना केही योजना तथा कार्यक्रम बजेटमा समावेशका लागि दौडधुप गर्ने महिना । आमनागरिक र देशको लागि एक वर्षको दिशा निर्देश गर्ने महिनाको रुपमा पनि यसैलाई लिने गरिन्छ । संविधानमै जेष्ठ १५ गते केन्द्र सरकारले बजेट घोषणा गर्ने दिन । सहकारीको रकम अपचलन र यसमा सरकारकै गृहमन्त्री रवि लामिछाने नै संलग्न रहेको र संसदीय छानबिनको माग राखि काँग्रेस लगाएतका विपक्षी दलहरुले संसद अवरोध गरिरहेको कारण नियमित प्रक्रियाबाट बजेट आउनेमा शंका उत्पन्न भएता पनि यस सम्वद्ध निकायहरु बजेट निमार्णको तयारीमा भने लागेको देखिन्छ । देशको वास्तविक अवस्था, जनताको दैनिक जीवनस्तरमा परिवर्तन तथा बिग्रदो अर्थतन्त्रलाई सुधार गर्ने पक्षलाई ध्यान दिएर यो बर्षको बजेट निमार्ण हुनुपर्ने जनअपेक्षा रहेको देखिन्छ । बढ्दै गरेका जनताका आवश्यकता र अभावलाई टालटुल पार्न विगतमा जस्तो वितरणमुखी, सस्तो लोकप्रियता, असमानुपातिक, राजनीतिक दल केन्द्रीत बजेट नआओस् । निरन्तरताको क्रमभंग गरेर बजेट आओस । बजेट र यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

**पृष्ठभूमी :**

सरकारको राजनीतिक, आर्थिक तथा सामाजिक घोषणा पत्रको रुपमा रहेको बजेट विशेषत: एक आर्थिक बर्षका लागि सरकारको आय-व्यय सहितको कार्यक्रमहरुको पूर्ण विवरणको रुपमा रहने गर्दछ । फ्रेन्च भाषाको दयगनभतत शब्दबाट द्ययगनभत शब्दको विकास भएको हो । विश्वमा पहिलो पटक बजेट प्रणालीको सुरुवात सन् १७३३ मा बेलायती अर्थमन्त्री वालपोलले शुरु गरेका थिए भने पछिल्लो समय हरेक देशहरुले यसैका माध्यमद्वारा देश भित्रका हरेक क्षेत्रका जनतालाई राज्यको स्रोत र साधनको बाँडफाड गर्ने गरेको पाईन्छ । नेपालमा यसको इतिहासलाई हेर्दा राणा साशनको अन्त्य र प्रजातन्त्रको प्राप्तिसँगै वि.स. २००८ माघ २१ गतेदेखि औपचारिक रुपमा बजेटको सुरुवात भएको हो । प्रधानमन्त्री मातृका प्रसाद कोइरालाको पालामा तत्कालीन अर्थमन्त्री सूवर्ण समशेरले पहिलो पटक संसद समक्ष ५ करोड २५ लाख २९ हजार रुपैयाँ बराबरको बजेट प्रस्तुत गरेका थिए भने वर्तमान समयमा सार्वजनिक खर्चमा दिन प्रतिदिन आकार बढ्दै गएको कारण पछिल्ला वर्षहरुमा बजेटको आकार पनि बढ्दै गइरहेको देखिन्छ । गणतन्त्रपछि तीन तहका सरकारको परिकल्पनासँगै केन्द्रमा मात्रै निमार्ण हुने बजेट प्रदेश हुँदै स्थानीय तहसम्म पुगेको देखिन्छ । संविधानमै केन्द्र सरकारले जेष्ठ १५ गते , प्रदेशले आषाढ १ र स्थानीय तहले अषाढ १० गते बजेट प्रस्तुत गर्ने प्रावधान राखिएकाले अबको महिना नेपालमा यसैको चहलपहल देखिन्छ । संघीयताको पूर्ण कार्यान्वयन नभएर हो की? संघले दिएको सिलिङमा रहेर बजेट निमार्ण गर्नु पर्ने बाध्यताको कारण हो की ? आन्तरिक आम्दानीको अभावका कारण हो की ? संघीय सरकारले प्रस्तुत गर्ने बजेटमा जुन चासो र जिज्ञासा जनतामा देखिन्छ प्रदेश र स्थानीय तहहरुले बनाउने बजेटमा भने त्यो चासो देखिदैन् ।

**बजेट र नेपालको अर्थतन्त्र :**

बजेट निमार्ण र घोषणाको प्रत्यक्ष सम्बन्ध कुनै पनि देशको अर्थतन्त्रसँग रहेको हुन्छ । आन्तरिक आम्दानीका स्रोतमा समयअनुकुल खोजी गर्न नसक्दा नेपालका बजेटहरु आन्तरिक तथा बाह्रय ऋृण तथा अनुदानमा भरपर्नु परिरहेको देखिन्छ भने यहि कारण बजेट कार्यान्वयनमा समस्या उत्पन्न भएको देखिन्छ । वर्तमान नेपालको अर्थतन्त्र सहज स्थितिमा भने देखिदैन् । संघीयता कार्यान्वयनले थपिएको व्यय भारले यसलाई थप जटील बनाएको देखिन्छ । नेतृत्वकर्ताले अर्थतन्त्र सहज भएको भनेता पनि असहज अर्थतन्त्रका बिच आउने बजेटबाट ठूलो अपेक्षा पनि राख्न सकिदैन् । यसका साथै राजश्व लक्ष्य अनुसार संकलन हुन सकेको देखिदैन् भने आम्दानी भन्दा खर्चको अन्तर फराकिलो देखिन्छ । वैदेशिक ऋृणको अंश बढ्दै जानु र साँवा व्याज भुक्तानीमा ठूलो रकम छुट्याउनु पर्ने अवस्था रहेकै देखिन्छ । यस्तो अर्थतन्त्रबिच आउन लागेको बजेट अर्थतन्त्र सुधार, आम्दानीका थप स्रोतहरुको खोजीमा आउनु पर्ने अनिवार्यता देखिन्छ । १७ खर्ब भन्दा बढी सिलिङको बजेट नआउने भनाईहरु व्यक्त भइरहेको अवस्थामा बजेटमा राखिने कार्यक्रमहरु विशेषत जनताको जीवनस्तर, दैनिकीमा सुधार र आमजनताले प्रत्यक्ष लाभ प्राप्त गर्ने गरी आउनु पर्ने देखिन्छ ।

**बजेट निमार्णमा ध्यानदिनु पर्ने पक्षहरु :**

- तीन तहका सरकारबिच कार्यक्रमहरु दोहरीने गरी नभई आवश्यक समन्वय र सहकार्यमा ल्याउनु पर्ने ।
- प्राकृतिक स्रोत र साधनको प्रयोगका लागि प्याकेजमै कार्यक्रम घोषणा गर्नु पर्ने ।
- औद्योगिकरणका लागि विशेष कार्यक्रम राख्नुपर्ने ।
- युवा शक्ति विदेश पलायन हुने अवस्थालाई रोकी देश भित्रै रोजगारीका अवसरहरु थप्नु पर्ने ।
- हरेक नागरिकलाई शुद्ध पिउने पानीको व्यवस्थाको ज्ञारेन्टी गर्नु पर्ने ।
- बढ्दो आयातको अंश घटाउने कार्यक्रम ल्याउनु पर्ने ।
- आत्मनिर्भर अर्थतन्त्र निमार्णमा केन्द्रीत हुनुपर्ने ।
- डोजरे विकास अन्त्य गरी श्रमदानमा केन्द्रीत हुनुपर्ने ।
- विकासको गुणस्तरको मूल्याकंन र अनुगमनमा विशेष ध्यान दिनुपर्ने ।
- कागजी झन्झटिलो प्रक्रियाको अन्त्यमा ध्यान दिनुपर्ने ।
- मूल्यस्तर र मुद्रास्फिती बढ्ने कुरामा ध्यान दिनुपर्ने ।
- देशको धरातलमा केन्द्रीत रहेर ल्याउनुपर्ने ।
- वैदेशीक ऋृण, अनुदानको अशं बढी हुन नहुने ।
- आधारभुत आवश्यकता र आधारभुत पूर्वाधार निमार्णमा जोड ।
- बजेटमा उल्लेख भएका उद्देश्य ,लक्ष्य प्राप्तिमा केन्द्रीत हुनुपर्ने ।
- जनआकाक्षा र जनभावनामा केन्द्रीत हुनुपर्ने ।
- काम अनुशारको भुक्तानी पाउने कुराको ग्यारेन्टी हुनुपर्ने ।
- आधारभुत आवश्यकताका वस्तुहरुमा करको दर घटेर आउनुपर्ने ।
- विकास बजेटमा नागरिक अनुगमनको व्यवस्था थपिनु पर्ने ।
- समानुपातिक बजेट बाँडफाँडमा केन्द्रित हुनुपर्दछ ।

**के भैरहेको छ हुनुपर्ने के त ?**

विशेष गरेर गणतन्त्र स्थापनापछि बनेका सरकारले ल्याउने गरेका बजेटहरुको विश्लेषण गर्दा: राजनैतिक प्रभाव बढ्दै गएको देखिन्छ । यसका साथै बढी मात्रामा तत्काल मनै लोभ्याउने र वा वा पाईने ,मतदाता लोभ्याउने खालका कार्यक्रमलाई समावेश गरेर ल्याउने गरेको देखिन्छ । सामाजिक सुरक्षा लगायतका कार्यक्रममा यो बढी केन्द्रीत भएको देखिन्छ । घाटा बजेटलाई बजेट निमार्णमा उपयुक्त सिद्धान्त मानिन्छ तर यसैलाई टेकेर नेपालमा बन्ने बजेट जनताको जीवनस्तर सुधारमा भन्दा पनि अनुत्पादक खर्च बढाउनेतर्फ केन्द्रीत भएको देखिन्छ । सरकारमा रहेका राजनीतिक दल र तीनका कार्यकर्तालाई प्रत्यक्ष प्रभाव पार्ने योजना तथा कार्यक्रमहरु बजेटमा समावेश हुनुहुँदैन् । राज्य तथा अर्थतन्त्रलाई दीर्घकालीन असर पार्ने कार्यक्रम बजेटमा राखिनु हुँदैन् । सस्तो लोकप्रियतालाई बढावा दिने गरी विगतमा ल्याईने बजेटले यो वर्ष निरन्तरता पाउनुहुँदैन । यो पटकको बजेटमा यस पक्षमा नियन्त्रण गरेर आउनु पर्दछ । नेपालमा घोषणा भएका बजेट विशेषत: गरिबी निवारण, रोजगारी सिर्जना र आम जनताको जीवनस्तर सुधार ल्याउने कुरामा केन्द्रीत रहेता पनि अपेक्षित परिणाम भने प्राप्त हुन आज सम्म सकेको देखिदैन् । यो हुनुको कारणको खोजी नगरी विगतलाई नै निरन्तरता दिदा खर्च अनुसारको उपलब्धी हासिल हुन सकेको देखिदैन । यस पक्षलाई यस पटक ध्यान दिनु जरुरी देखिन्छ ।

**निष्कर्ष :**

बजेट सरकारको आम्दानी र खर्चको व्यवस्थापन हो । यो पूर्व तयारी पनि हो । योजना विद्व, विज्ञ, अर्थशास्त्रीसँग सल्लाह र सुझाव लिने तर बजेट निमार्णमा लत्याउने प्रवृत्तिले यो पटक निरन्तरता पाउनु हुँदैन । आवश्यकता र पहिचानका आधारमा कार्यक्रम तय गरेर आओस्, राताराता परिवर्तन भएर नआओस् । यस भन्दा बढी जन्नताको जीवनस्तर, आर्थिक वृद्धि,रोजगारी सिर्जना, प्राकृत्तिक स्रोत साधनको प्रयोग तथा आम्दानीका स्रोत थप हुने पक्षहरुमा जोड दिदै आम जनताको दैनिकी सहज हुने गरी बजेट बनोस् / आओस् यहि कामना गरौं ।

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : स्वास्थ्यमा सुधार आउनेछ । अचल सम्पत्ति हात पर्ने योग छ । | **तुला** : आँटेको र ताकेको कार्य पुरा होला । पारिवारिक सद्भाव बढ्नेछ । |
| **वृष** : दिन माध्यम खालको रहनेछ । अनावश्यक ठाउँमा धन खर्च हुन सक्छ। | **बृश्चिक** : इच्छा पूर्ण हुनसक्छ । एक अर्कासँग आशा गरिरहनु हुनेछ । |
| **मिथुन** : जोशजाँगर र हिम्मत बढ्नेछ। अरुको मन जित्न पनि सकिनेछ । | **धनु** : बन्धु बान्धवबाट सहयोग मिल्नेछ। कार्य क्षेत्रमा प्रगति हुनेछ । |
| **कर्कट** : कामहरू अगाडि बढ्नेछन् । नयाँ क्षेत्रमा लगानीको अवसर मिल्नेछ । | **मकर** : आँटेको काममा ढिलासुस्ती हुनसक्छ । साँझमा मन प्रसन्न रहनेछ । |
| **सिंह** : प्रतिस्पर्धामा पकड भएको राम्रो दिन छ । समाजसेवामा मन लाग्नेछ । | **कुम्भ** : समाज सेवा गरे लोकमा प्रसिद्ध भइनेछ । स्वास्थ्यमा सुधार आउला । |
| **कन्या** : निर्णय कार्यान्वयन हुन सक्दैनन्। आफ्नो विचार विपरित निर्णय हुनेछ । | **मिन** : आँटेको काममा फाइदा मिल्नेछ । मनोरञ्जनमा सहभागिता भइएला । |

## शिक्षा

# विद्यार्थीका लागि कार्यशाला



**भोजपुर,** त्रिभुवन विश्वविद्यालयको आंगिक भोजपुर बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुका लागि शोध तथा अनुसन्धान मुलक कार्यशाला सुरु भएको छ ।

बिभिन्न तहमा अध्यनरत क्याम्पसका विद्यार्थीहरुका लागि भोजपुर नगरपालिकाको सहयोगमा सामाजिक बिकास तथा अनुसन्धान केन्द्र भोजपुरले बुधवारबाट दुई दिने कार्यशाला सुरु गरेको हो । केन्द्रका अध्यक्ष सुरेन्द्र कार्कीको अध्यक्षतामा आयोजित कार्यशालाको उद्घाटन भोजपुर नगरपालिकाका नगर प्रमुख कैलाश कुमार आलेले गर्नुभयो । नगर प्रमुख आलेले कार्यशालाले शोध तथा अनुसन्धानको क्षेत्रमा महत्वपूर्ण भुमिका निर्वाह गर्ने बताउँदै समय अनुकुल अगाडी बढ्न विद्यार्थीहरुलाई आग्रह गर्नुभयो । भोजपुर बहुमुखी क्याम्पसका सहप्राध्यापक डा. पर्वत कुमार राईले गत बर्षबाट जिल्लामा पनि अनुसन्धान मुलक कार्यक्रमहरुको सुरुवात भएको बताउँदै अनुसन्धान गर्ने संस्कृतिको बिकास हुन जरुरी रहेको बताउनुभयो । समाज र राष्ट्रको परिवर्तनका लागि पनि अनुसन्धान जरुरी रहेको सहप्राध्यापक डा. राईको भनाई रहेको छ । कार्यक्रममा आफनो धारणा राख्नु हुँदै भोजपुर नगरपालिका प्रमुख प्रशासकीय अधिकृत राम प्रसाद ढुंगेल, नागरिक समाजका संयोजक पर्शुराम तिवारी, मानव अधिकार संगठनका पदम बहादुर कार्कीलगायतले आर्थिक तथा सामाजिक अनुसन्धानहरु पनि हुन जरुरी रहेको बताउँदै शोध तथा अनुसन्धानमा विद्यार्थीहरुले पनि त्यस्ता विषयहरु खोज्न जरुरी रहेको बताउनु भएको थियो ।

बिहिवारसम्म संचालन हुने कार्यशालामा शोध तथा अनुसन्धान लेखनका बिषयमा विद्यार्थीहरुलाई बिषय बिज्ञहरु क्याम्पसका सहप्राध्यापक डा. पर्वत कुमार राई, उपप्राध्यापक प्रकाश राई, उपप्राध्यापक उत्तम सिं राईलगायतले सहजीकरण गर्नु हुने आयोजक संस्थाका सचिव हरि ढकालले जानकारी दिनुभयो ।

*-इहिमालय टाइम्स डटकम*

# विद्यालय भवन निर्माण ३ वर्षदेखि अलपत्र



**बारा,** जीतपुर सिमरा उपमहानगरपालिका वडा नम्बर २३ की तरुन खातुनका ३ छोराछोरी दिनभर गाउँमै माटो धुलो खेलेर समय बिताउँछन् । गाउँमा विद्यालय नहुँदा उनीहरू विद्यालय नगएका हुन् । छिमेकी पर्सा जिल्लाका विद्यालयमा पठाउने हो भने घरदेखि पौने घण्टा लाग्छ । अति व्यस्त पथलैया-वीरगन्ज ६ लेन सडक पार गरेर विद्यालय पठाउँदा दुर्घटनाको जोखिम पनि उत्तिकै हुन्छ । तरुनी खातुन सडक दुर्घटनाको डरले छोराछोरीलाई टाढाको विद्यालय नपठाएको बताउँछिन् ।

'घर छेउको स्कुल चलेदेखि हामी छोराछोरी यही पठाउँथ्यौं अहिले विद्यालय टाढा छ, बच्चाहरू दिनभर घरमै खेलेर समय बिताउँछन्' खातुनले भनिन् 'बाटो कटाएर पठाउनुपर्छ । बच्चा लिन र पुऱ्याउन जान भ्याउने अवस्था छैन ।' अति गरिब र विपन्न समुदायका अभिभावकहरू बालबच्चालाई निजी स्कुलमा पठनपाठनका लागि पढाउन सक्दैनन् । गाउँमा भएको निमार्णाधीन सामुदायिक विद्यालयको भवन ३ वर्षदेखि अलपत्र छ । तरुन खातुन जस्तै सोही गाउँकी भुषल खातुन पनि ७ वर्षको छोरालाई स्कुल पठाउँदिनन् । गाउँको स्कुल चलेदेखि उनलाई पनि छोराछोरीलाई विद्यालय पठाउन मन भने छ । 'बच्चाहरूलाई सडक कटाएर विद्यालय पठाउन धेरै समस्या छ, हाम्रो गाउँको धेरै बच्चाहरू गाडीले ठक्कर दिएर ज्यान गएको छ' खातुनले भनिन् 'गाउँमा ३ वर्षदेखि स्कुल बनाउने भनेर अलपत्र छोडिएको छ, यही स्कुल चलेदेखि हामी बच्चाहरू गाउँमै पढ्न पठाउँथ्यौं ।'

सोही गाउँका इमरान मियाँ कक्षा ७ मा पढ्छन् । उनी गाउँमा विद्यालय नभएपछि १ घण्टा हिँडेर वडा नं १० नितनपुरको विद्यालयमा पढ्न जान्छन् । घरछेउको स्कुल सञ्चालन भए आउन-जान धेरै सजिलो हुने उनको भनाइ छ । जीतपुर सिमरा वडा नं २३ मा मुस्लिम समुदायको बाहुल्य छ । कक्षा १ देखि कक्षा ८ सम्म पठन पाठनका लागि निर्माण भएको विद्यालय भवन अलपत्र हुँदा सो वडाका मुस्लिम समुदायका २ देखि ३ सय बालबालिका विद्यालय क्षेत्र बाहिर छन् । श्री नेपाल राष्ट्रिय मावि भलुहीको २ तले भवन निर्माणका लागि जीतपुर सिमराले ३ वर्षअघि ६० लाख बजेट विनियोजन गरेर काम सुरु गरेको थियो । निर्माणाधीन सोही भवनमा पछि प्रदेश सरकारले पनि ५० लाख लगानी गर्यो ।

शिक्षा मन्त्रालयबाट पास भएको डिजाइनमा उपमहानगरले सुरु गरेको काम पछि प्रदेशले आफूखुसी लगानी गरेर डिजाइन बिगारेर काम अलपत्र छोडेको उपमहानगरको भनाइ छ ।

सवा करोड लगानी भइसकेको अपुरो विद्यालय भवनको अझै पनि सम्पन्न भए आृना छोराछोरीलाई पढ्न पठाउने अभिभावकहरूको भनाई छ । जीतपुर सिमरा २३ का वडाध्यक्ष मुस्तफिक अन्सारीले विद्यालय निर्माणमा कुनै समस्या भए बाटो खोलिदिने काम उपमहानगरले गरिदिनुपर्ने बताउँछन् । 'नगरपालिकाले हाम्रो स्कुलमा लगानी गरेर छिटो भन्दा छिटो सञ्चालनमा सहयोग गरिदिनुपऱ्यो' वडाध्यक्ष अन्सारीले भने, 'सबैको भनाइ छ गाउँकै स्कुल बन्यो भने बचचाहरूलाई आउनजान सजिलो हुन्छ, दुर्घटनाको डर पनि हुँदैन ।

भवन निमार्णका लागि वडाले उपभोक्ता समितिलाई जिम्मा दिए पनि उपभोक्ताहरूले भने ३ वटा ठेकेदार मार्फत काम गराएका थिए । 'ठेकदारले यसमा बदमासी गरेकै हो, तर अव ढलान पनि भइसक्यो, झ्याल, ढोका पनि हालिसक्यो, यतिकै छोड्नुभन्दा उपमहानगरको आदेश पायो भने हामी बाँकी लगानी गरेर विद्यालय फिनसिङ गर्थ्यौं' वडाध्यक्ष अन्सारीले भने, 'निजी बोर्डिङ्ग स्कुल पढाउन सबैसँग पैसा छैन, गाउँकै स्कुल छिटो सञ्चालनमा भए गरिबहरूलाई धेरै राहत हुन्थ्यो ।' सो भवन निर्माणको क्रममा उपमहानगरको बजेटबाट जग उठाउने र पर्खाल र छत ढलानको काम भने प्रदेशको बजेटबाट भएको वडाध्यक्ष अन्सारीले बताए ।

उपमहानगरका इन्जिनियर सञ्जीव रुपाखेतीले शिक्षा मन्त्रालयबाट पास भएको डिजाइनमा उपमहानगरले ६० लाख लागतमा उपभोक्ता समितिबाट काम गरिरहेको समयमा समन्वय नै नगरी प्रदेशले डिजाइन बिगारेर काम गर्दा समस्या भएको बताए । 'हामीबाट पनि गल्ती भयो ६० लाखको भवन निर्माणको काम उपभोक्ता समितिले दिनै नहुने, पछि हामीले काम नसकी प्रदेशले पनि त्यति भवनमा सबै डिजाइन बिगारेर बजेट हाल्दा धेरै समस्या भएको हो' इन्जिनियर रुपाखेतीले भने, 'कक्षाकोठा कहाँ हुने, शौचालय कहाँ राख्ने, भऱ्याङ कहाँ राख्ने भन्ने नहेरी हावा तालमा प्रदेशले पुरानो बनावट सबै बिगारेर काम गरेको छ, अब बाँकी काम हामीले के आधारमा अगाडी बढाउने ?'

डिजाइन अनुसारका काम नभएको र विद्यालयको छत ढलानको क्रममा गुणस्तरहीन काम भएको भन्दै स्थानीयहरूले गत वर्ष बिचमै काम रोकेका थिए । सो विद्यालय भवन निर्माणको विषयमालाई लिएर पूर्व वडाध्यक्ष अस्लम देवान र बहालवाला वडाध्यक्ष मुस्तफिक अन्सारीबिच पनि एकले अर्कालाई काम गर्न नदिने खालको टसल देखिएको छ । पूर्व वडाध्यक्ष अस्लम देवानले अन्सारीको कार्यकालमा भएको छत ढलानमा गुणस्तरहीन काम भएको भन्दै ढलान भत्काएर पुन गर्नुपर्ने माग गरेका छन् ।यता उपमहानगरका शिक्षा शाखाले भने वडा नं २३ का धेरै विद्यार्थी विद्यालय क्षेत्र बाहिर भएकाले तत्कालै केही निर्णय लिएर काम अगाडी बढाउनुपर्ने जनाएको छ ।

*-रातोपाटी डटकम*

# विद्यार्थी महोत्सव: नयाँ समाजको नेता हुर्काउने नर्सरी

कल्पनाको लागि सबै शक्ति भन्ने मूल नाराले १९६० को दशकको उत्तरार्धमा फ्रान्सका कारखाना र सडकका भित्ताहरू ढाकिएका थिए । यी नाराहरू मुख्यतया वामपन्थी विद्यार्थीहरूले उठाएका थिए, पछि लगभग देशको जनसंख्याको १/५ औं भागले पूँजीवाद, उपभोक्तावाद र परम्परागत संस्थाहरूको विरुद्धमा आवाज बुलन्द गरेका थिए । सन् १९६८ तिर पोल्यान्ड, जर्मनी, स्पेनहुँदै विश्वभरिका विद्यार्थी साम्राज्यवाद र अधिनायकवादको विरोधमा उत्रिएका थिए।ँहाम्रो देशको इतिहास पल्टाएर हेर्ने हो भने त झन् सन् १९३८ को दशकतिरै जहानियाँ राणाशासनको विरूद्धमा शासकहरूको नाकैमुनि रहेको त्रिचन्द्र कलेजमा खुलेआम राणा शासनका विरुद्व भाषण गरी चुनौती दिएका थिए, त्यसै क्याम्पसका विद्यार्थी गंगालाल श्रेष्ठले । गंगालाल श्रेष्ठको त्यो साहसिक कदमले नेपाली विद्यार्थी आन्दोलनले औपचारिक स्वरूप ग्रहण गरेको थियो ।

राणाशासनका विरुद्ध सङ्गठित हुँदै २००४ सालमा तीनधारा संस्कृत पाठशालाका विद्यार्थीले विभिन्न शैक्षिक मागहरू सहित 'जयतु संस्कृतम्' आन्दोलनको उद्घोष गरेका थिए । यो आन्दोलन पहिलो ऐतिहासिक महत्त्वपूर्ण सङ्गठित विद्यार्थी आन्दोलन हो । विभिन्न आन्दोलन पश्चात् २००७ मा राणाशासन फालेर प्रजातन्त्र स्थापना गर्न सफल भएका थिए भने २०१५ सालमा लोकतान्त्रिक पद्धतिबाट निर्वाचित सरकार बनाउन सफल भएका थिए । जब राजा महेन्द्रले २०१७ सालमा सम्पूर्ण दलहरूलाई प्रतिबन्ध लगाएर पञ्चायत व्यवस्था लादे, त्यसविरुद्ध भित्र-भित्रै वामपन्थी विद्यार्थीहरू एकजुट भएर संयुक्त मोर्चा तयार पारे र विभिन्न आरोह-अवरोह पार गर्दै १ जेठ २०२२ मा अनेरास्ववियुको स्थापना भयो । स्थापनाकालदेखि नै अनेरास्वविय‌ु नेतृत्व तथा व्यक्तित्व विकास, क्षमता अभिवृद्धिका साथै जनवादी शिक्षा लागू गर्न सरकारलाई दबाब दिन थाल्यो। चाहे स्वास्थ्य, रोजगारी, मनोरञ्जनका सन्दर्भमा होस्, चाहे राष्ट्र, राष्ट्रियता, स्वाभिमान तथा सार्वभौम रक्षाका सन्दर्भमा होस्, अनेरास्वविय‌ु सधैं अग्रपंक्तिमा रही महत्वपूर्ण भूमिका खेल्दै आएको छ । अनेरास्वविय‌ु नेकपा (एमाले) को नेता मात्रै नभएर समाजका विभिन्न क्षेत्रका अगुवाहरु उत्पादन गर्ने नर्सरीको रूपमा समेत स्थापित भएको छ । समयसँगै अनेरास्वविय‌ुको महत्व र भूमिका अझै फराकिलो भएको छ ।

अनेरास्वविय‌ु जस्तै विद्यार्थीहरू विश्वभरि राजनीतिक परिवर्तनका सन्दर्भमा महत्वपूर्ण एजेन्टका रूपमा स्थापित भएका छन् । धेरै मामिलामा सरकारलाई खबरदारी गर्ने, सचेत तुल्याउने र सत्ताच्युत गर्न सक्ने शक्ति समेत विद्यार्थीमा छ।ँनेपालमा राष्ट्रिय युवा नीति, २०७२ र राष्ट्रिय युवा परिषद् ऐन, २०७२ ले (१६-४०) वर्ष उमेर समूहलाई युवा मानेको छ । यो उमेर समूहका युवाहरू बढी जिज्ञासु, केही सिकुँ केही गरुँ भन्ने सोच भएका हुन्छन् । युवा-विद्यार्थी जोस, जाँगर, त्याग, निष्ठा बलिदानको भाव भएका, नवप्रवर्तक, आलोचनात्मक विचार राख्ने तथा रूपान्तरणकारी भावनाद्धारा प्रतिबद्ध भएका राष्ट्रको उदीयमान शक्ति हुन् । युवाहरूसँग सम्झौता गर्ने प्रवृत्ति नहुने भएकोले उनीहरू स्वभावैले विद्रोही हुन्छन् र नसा-नसामा क्रान्तिकारी परिवर्तनको ऊर्जा सल्बलाइरहेको हुन्छ । त्यसैले न्याय, समानता, सामाजिक परिवर्तन, विकास लगायतमा एकदम बल पुग्ने र यथास्थितिबाट आफू र आफ्नो समाजलाई मुक्ति दिलाउने सामाजिक रूपान्तरणको महा-अभियानमा युवा वर्ग जुटिरहेको हुन्छन् । सामान्यतया विश्वका विकसित देशलाई पहिल्याउने हो भने उदाहरणका लागि सन् १९५० को सिङ्गापुर, दोस्रो विश्वयुद्धताकाको जापान, १९८९ भन्दा अघिको चीन, दक्षिणकोरिया र यिनै देशहरूको वर्तमान अवस्थामा आकाश-जमिनको फरक छ । सृजनशील मस्तिष्क भएका ऊर्जाशील पौरखी युवाका कारण आज यी देशहरू विश्वका विकसित तथा शक्तिशाली देशको सूचीमा छन्, तर नेपालको सन्दर्भमा यही मानव पूँजी पलायनको अवस्था भयावह स्थितिमा छ ।

**युवा जनशक्ति पलायनका कारण**

१. हाम्रो जस्तो विकासशील देशमा शिक्षालाई महत्वका साथ हेरिए तापनि उच्च शिक्षामा गैर प्राविधिक क्षेत्रमा बढी लगानी भएको देखिएको छ । त्यसैले आम मानिसको शैक्षिक स्तर राम्रो भएको देखिए तापनि शैक्षिक उपलब्धि र रोजगारीको तादाम्यता नमिल्दा, अपेक्षाकृत अवसरहरू सिर्जना नहुँदा, विश्वविद्यालयहरू शैक्षिक बेरोजगार उत्पादन गर्ने थलोका रूपमा परिणत भएका छन् र युवा जनशक्ति पलायन हुन बाध्य छन् ।

२. प्राविधिक शिक्षाको गुणस्तर र प्रभावले रोजगार सिर्जना भए पनि शिक्षामा भइरहेको व्यापारीकरणले आम विद्यार्थीको पहुँचमा नभएकाले अपेक्षाकृत नतिजा हासिल गर्न नसकिएको यथार्थ रहेको पाइन्छ।

३. राजनीतिक अस्थिरताका कारण देशमा औद्योगीकरणको विस्तार र पर्याप्त रोजगारी सिर्जना हुन नसक्नाले आर्थिक समृद्धिको मुख्य मेरुदण्ड मानिएका जनशक्ति मध्यपूर्व र अन्य देशहरूमा पलायन हुन विवश छन् ।

४. शिक्षा, स्वास्थ्य, रोजगारी आदि जस्ता नागरिकका हकअधिकारहरू संविधानको मौलिक हकमा समेत उल्लेख गरिएको भएतापनि राज्यले कानुन बनाएर कार्यान्वयन गर्न सकेको छैन । भएका नीति पनि व्यक्तिपिच्छे फरक हुने, त्यस्तो असमञ्जसले गर्दा र विभिन्न राष्ट्रिय सञ्चारमाध्यममा पनि राज्यको बारेमा, नीति र नेतृत्वको कार्यसम्पादनको बारेमा नकारात्मक टीकाटिप्पणी नै प्रस्तुत हुने भएकाले यो मुलुक बन्दैन भन्ने सोची युवाहरू निराश भएर विदेशिनुपर्ने बाध्यता छ ।

५. वैदेशिक रोजगारीबाट समाजमा रहेका व्यक्तिहरूको उन्नति र प्रगति भएको कारण सामाजिक दबाब पैदा हुन्छ। साथै वैदेशिक रोजगारमा रहेका आफन्तहरूको सहयोग र सुझाव पनि विदेश आउनकै लागि हुने गर्छ ।

**वैदेशिक पलायनका अवसर**

१. विदेशमा उच्च गुणस्तरको शिक्षा, विशेष तालिमहरु र अत्याधुनिक अनुसन्धानका अवसरहरूमा नेपालीहरुको पहुँच हुने गर्दछ । यसरी प्राप्त गरेको बहुमूल्य सीप, ज्ञान र अनुभव देशको शिक्षा, स्वास्थ्य, प्रविधि र उद्यमशीलता जस्ता प्रमुख क्षेत्रहरूमा मानव पूँजी विकास र क्षमता निर्माण गर्न महत्त्वपूर्ण हुन्छ ।

२. देशको एउटा प्रमुख आयको स्रोत विप्रेषण (रेमिट्यान्स) आज कुल गार्हस्थ्य उत्पादनको प्रतिशतको रूपमा करिब २५ प्रतिशत रहेको छ । घरायसी आम्दानी बढाउन, गरिबी घटाउन र घरेलु अर्थतन्त्रमा उपभोग र लगानीलाई समर्थन गर्ने काम विप्रेषण (रेमिट्यान्स)ले गरिरहेको छ ।

३. विदेशमा विविध भाषा, संस्कृति जान्ने-बुझ्ने मौका मिल्ने साथै आफ्नो देशको भाषा, संस्कृति, रहनसहन, भेषभुषा, पर्यटनको बारेमा विश्वभरि फैलाउने मौका प्राप्त हुन्छ । यसले व्यक्तिगत वृद्धि, अन्तर सांस्कृतिक घुलनमा सहयोग मिल्छ । जसले व्यक्तिको क्षितिज फराकिलो बनाउन, सामाजिक सञ्जाललाई विस्तार गर्न, जीवन अनुभवहरूलाई समृद्ध बनाउन मद्दत गर्नुका साथै नेटवर्क, स्रोत र सहकार्यका अवसरहरू प्रदान गर्दछ।

४. विदेशमा नयाँ व्यक्तिहरूसँग नेटवर्कहरू निर्माण हुने, विश्वभरिका साथी, पेशेवर र संस्थाहरूसँग पनि सहकार्य गर्न मद्दत गर्दछ । यसरी प्राप्त नेटवर्क मार्फत अन्तर्राष्ट्रिय साझेदारहरूसँग सम्बन्ध निर्माण गर्ने र विभिन्न मञ्च र संस्थाहरूमा नेपालको प्राथमिकताको वकालत गरेर नेपालको हित र छविलाई विश्वव्यापी मञ्चमा प्रवर्धन गर्न मद्दत गर्न सक्छ । यसले व्यक्ति र राष्ट्र दुवैको आर्थिक, सामाजिक र सांस्कृतिक विकासका अवसरहरू प्रदान गर्न सक्दछ ।

**पूँजी (मानव पूँजी सहित) पलायन कसरी रोक्ने**

१. संविधानको मौलिक हकको धारा (३१) मा बालबालिकालाई अनिवार्य नि:शुल्क शिक्षा, धारा (३३) मा प्रत्येक नागरिकलाई रोजगारीको हक, त्यसैगरी भाग (४) मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वमा समेत युवाको विकास एवं युवा परिचालनका बारेमा विशेष व्यवस्था उल्लेख गरिएको छ। तर यी सबै कागजमा मात्रै सीमित भएका छन्, यसलाई पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्छ ।

२. विश्व उत्तर औद्योगिक (विज्ञान प्रविधि)को युगमा प्रवेश गरिसकेको छ । आजका युवा आफूलाई अद्यावधिक राख्नुपर्ने र प्रतिस्पर्धामा अब्बल हुनुपर्ने दौडमा छन् । तसर्थ राज्यले युवाहरुलाई विश्व श्रमबजारमा प्रतिस्पर्धात्मक र स्वरोजगार बनाउनका लागि विज्ञान प्रविधिमैत्री सर्वसुलभ शिक्षा दिनुपर्ने आजको आवश्यकता छ ।

३. रोजगारी गर्न, उद्यमशील बन्न इच्छुक युवाहरूको लगत तयार पारी तीन तहका सरकारलाई उनीहरूलाई जीवनोपयोगी सीपमूलक शिक्षा दिलाउने, सहुलियतपूर्ण कर्जा दिन सहयोग गर्ने र उनीहरूको नियमन गरी उद्यमका लागि उचित वातावरण प्रदान गर्न जरुरी छ ।

४. नृत्य, गीत, सङ्गीत, खेलकुद आदि जस्ता विधामा आफूलाई अब्बल बनाएका युवाहरूले आफ्नो कलाबाट देशलाई चिनाउने काम गरेका छन्। यस्ता युवाहरूलाई प्रोत्साहन गर्ने, भविष्यको सुनिश्चितता प्रदान गर्ने काम हरेक तहका सरकारले गर्नुपर्ने आवश्यक छ ।

५. राज्यले औद्योगीकरणलाई बढावा दिने, देशमै यथेष्ट रोजगारीको सृजना गर्ने, आन्तरिक उत्पादनलाई वृद्धि गर्ने, निर्यात प्रवर्धन र आयात प्रतिस्थापनमा जोड दिई देशलाई आत्मनिर्भर बनाई बलियो अर्थतन्त्र निर्माण गर्नुपर्ने आवश्यकता छ ।

६. भौगोलिक, धार्मिक, सांस्कृतिक विविधताले भरिपूर्ण हाम्रो देश बुद्धको, सीता माताको जन्मथलो हो । पशुपतिनाथ र मुक्तिनाथको भूमिको देश। हाम्रो उत्तरी छिमेकी चीन बौद्ध धर्मको र दक्षिण भारत हिन्दु धर्मको बाहुल्य भएका कारण हाम्रो देशलाई आध्यात्मिक केन्द्रका रूपमा स्थापित गरी यी दुई छिमेकीबाट पर्यटक आकर्षित गरी पर्यटनको माध्यमबाट देशमा रोजगारी सृजना गर्न सकिन्छ । यसै सन्दर्भमा अनेरास्ववियुले ६०औं स्थापना दिवसको अवसरमा यही जेठ १-३ मा विद्यार्थी महोत्सवको आयोजना गरेको छ। यस महोत्सवमा १०० भन्दा बढी विभिन्न स्कुल, विश्वविद्यालय, आविष्कार केन्द्र, स्टार्ट अप आदि रचनात्मक स्टलहरु रहनेछ भने १५ वटा विभिन्न विधामा प्रदर्शनी गरिनेछ। जसमा सुदूरपूर्वदेखि सुदूरपश्चिमसम्मका विभिन्न जात जातिका झाँकी, सांस्कृतिक नृत्य आदिको प्रवर्धन तथा प्रदर्शन गरिनेछ।ँविभिन्न विषयमा प्राध्यापक, विषय विज्ञ, कूटनीतिज्ञ, विभिन्न राजनीतिक पार्टीका नेतृत्वहरूसँग छलफल चलाइनेछ। नेपालको पर्यटन प्रवर्धन सम्बन्धमा छलफल हुनेछ । नेपालका चर्चित एलिमेन्टस्, जेन एन्ड द लोकल, अनुप्रस्थ लगायत ब्यान्डबाट मनोरन्जन गराइनेछ। रोबोटिक्स, एरनट्स् इगेमिङ लगायत प्रतिस्पर्धा पनि हुनेछन् । सामाजिक मुद्दामा चेतना जगाउने, विद्यार्थीको नेतृत्व विकास गर्ने, विद्यार्थीको प्रतिभा र रचनात्मकतालाई मञ्च दिने, उद्यमशीलता र नवीनताको प्रवर्धन गर्न, शैक्षिक र व्यावसायिक सीपलाई प्रोत्साहन गर्न, सृजनशील सोच भएका पौरखी युवालाई स्वदेशमै कसरी व्यवस्थापन गराउने योजना सहित अनेरास्ववियुले विद्यार्थी महोत्सवको आयोजना गरेको छ ।

*-अनलाइनखबर डटकम*

# पाल्पाका ऐतिहासिक फोटाहरुको काठमाडौंमा प्रदर्शनी



**पाल्पा,** जेठ १३/पाल्पाका ऐतिहासिक तथा दुर्लभ फोटाहरुको काठमाडौंमा प्रदर्शनी गरिएको छ । पाल्पाको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले पाल्पा दर्शन कार्यक्रम अन्तर्गत ऐतिहासिक तथा दुर्लभ तस्वीरहरुको प्रदर्शनी गरिएको हो ।

प्रदर्शनीमा पाल्पाका ऐतिहासिक पाल्पा दबार संग्राहलय, रानीमहल, पाल्पा भैरवस्थान मन्दिर, नारायणस्थानको मन्दिर, तानसेनको पुरानो बजार जस्ता तस्वीरहरु प्रदर्शनीमा राखिएको पाल्पाली पत्रकार तथा नेपाल प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष जीवन भण्डारीले जानकारी दिए । काठमाडौंको नागपोखरी नजिकै रहेको होटल अरन्यमा प्रदर्शन कार्यक्रम भएको थियो । नेपाल दर्शन प्रा.लिको आयोजनामा भएको फोटो प्रदर्शन कार्यक्रममा सहभागीहरुले प्रदर्शनी स्थलमा राखिएका ऐतिहासिक तथा दुर्लभ तस्वीरहरुको रुचिपुर्वक अवलोकन गरेका थिए । प्रदर्शनीमा पाल्पालाई मुख्य प्राथमिकता दिइएको भए पनि अन्य जिल्लाहरुका मुख्य मुख्य पर्यटकिय स्थलहरुको तस्वीर समेत प्रदेशगत रुपमा राखिएको थियो । प्रदर्शनी कार्यक्रमको मन्त्रीपरिषद्का पूर्व अध्यक्ष तथा पूर्व प्रधान न्यायाधिश खिलराज रेग्मीले गरेका थिए । कार्यक्रममा पूर्व मन्त्रीहरु एनपी साउद, सुरेन्द्रराज आचार्य, काँग्रेस सांसद डा. आरजु राणा देउवा, एकिकृत समाजवादीकी सांसद राज्यलक्ष्मी गहिरे, एमाले सांसद सुवाङ नेम्वाङ, काँग्रेस केन्द्रीय सदस्य डा. डिला संग्रौला, पोर्चुगलका लागि नेपालका राजदूत सनिल नेपाल, राष्ट्रपतिका पुर्व सल्लाहकार तथा नेपाल राष्ट्र बैंकका पुर्व गभर्नर डा. चिरञ्जीव नेपाल, काँग्रेसका लुम्बिनी प्रदेश सभापति अमरसिं पुन, एआईजी किरण बज्राचार्य, चर्चित कलाकार धिरेन शाक्यसहित विशिष्ट व्यक्तिहरुको उल्लेख्य सहभागीता रहेको थियो । नेपाल दर्शनले आन्तरिक तथा वाह्य पर्यटकलाई नेपाल भ्रमणका लागि विभिन्न प्याकेजहरु सन्चालन गर्दै आएको छ । हरेक शनिबार काठमाडौं उपत्यकाका सात प्रमुख सम्पदा स्थलहरुको भ्रमण गराउने नेपाल दर्शनको सम्पदा दर्शन कार्यक्रम निकै लोकप्रिय भएको यसका सञ्चालक सन्दीप रानाले बताए । उनका अनुसार सम्पदा दर्शनका लागि शनिबार विहान ७ बजेदेखि बेलुका ७ बजेसम्म नेपाल दर्शनको आफ्नै पर्यटक बससहितको प्याकेज रहेको छ ।

# नेकपा एमाले पाल्पाको अध्यक्षमा घर्ती



**पाल्पा,** जेठ १३/नेकपा एमाले पाल्पाको अध्यक्षमा ओमबहादुर घर्ती मगर निर्विरोध निर्वाचित भएका छन् । पार्टीको १० औं जिल्ला अधिवेशनले घर्ति मगरलाई अध्यक्षमा निर्विरोध निर्वाचित गरेको हो ।

उनको अध्यक्षतामा १०१ सदस्यीय जिल्ला कमिटी चयन भएको छ । अधिवेशनबाट एमाले उपाध्यक्षमा विमल काफ्ले, सचिवमा रामजी पोखरेल(भोजराज) उप-सचिवमा दिपक विश्वकर्मा र महिला उप-सचिवमा मिना जि.सी. चयन भएका छन् । यसैगरी जिल्ला कमिटी सदस्यमा दलिततर्फ ८ जना, जनजातीमा ८ जना, ४० बर्ष भन्दा मुनी उमेरका युवा १६ जना चयन भएका छन् । यसैगरी महिला खुलामा ४ जना, मजदुर १ जना, अल्पसंख्यक १ जना, अपाङ्ग १ जना, मुस्लिम १ जना चयन भएका छन् । यसैगरी खुला पालिकातर्फ निस्दी, पुर्वखोला, माथागढी, बगनासकाली, रिव्दीकोट र रैनादेवीछहरा गाउँपालिकामा पाँच / पाँच जनाका दरले ३० जना, तिनाउ गाउँपालिकामा ३ जना, रम्भा गाउँपालिकामा ४ जना, रामपुर नगरपालिकामा ९ जना र तानसेन नगरपालिकामा १० जना जिल्ला कमिटी सदस्यमा चयन भएका छन् ।

अन्तिम समय सम्म अध्यक्ष पदका लागि ओम बहादुर घर्ति र रामजी पोखरेलले दावी नछोड्दा सर्बसम्मत नेतृत्वको लागि समय लम्विएको थियो । बर्तमान एमाले पाल्पाको नव निर्वाचित कमिटीमा सचिवमा पोखरेल र सहसचिवमा विश्वकर्मा पुन: दोहोरिएका छन् ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

भेटवार्ता

# 'सन्तोष चलचित्र मन्दिरमा आरामदायी र सुविधायुक्त हलको व्यवस्था गरेका छौं'



एकदशक अघिसम्म पाल्पाको एक मात्र सन्तोष चलचित्र मन्दिर परिसरमा दर्शकको भिड थामिनसक्नु हुन्थ्यो । टिकट काट्न लाइनमा बसेकाहरू आपसमा धकालाधकल गर्थे । फिल्म हेर्न नपाएर आक्रोशित भिड नियन्त्रण गर्न हल सञ्चालकलाई हम्मे हम्मे हुथ्यो । हलभित्र उभिएरै सिनेमा हेर्ने पनि कम हुँदैनथे । तर २०७२ सालतिरबाट भने दर्शकहरू क्रमशः घट्दै गए । दर्शकको उपस्थिति पातलो हुँदा कोरोना अघि नै हल बन्द हुने अवस्थामा पुगिसकेको थियो । जनतन चल्दै आएको हल कोरोना महामारीका कारण २०७६ चैतदेखि भने पूर्ण रुपमै बन्द हुन पुग्यो । तीन वर्षा पूर्ण रुपमै बन्द रहेको हल २०७९ माघ ११ गतेदेखि पुनः सञ्चालनमा आएको छ । तानसेनमा । लिगल परिवारले वि.स. २०२४ सालदेखि सञ्चालनमा ल्याएको सन्तोष चलचित्र मन्दिर पाल्पाकै एक मात्र पुरानो तथा ऐतिहासिक चलचित्र हल हो । यहाँ अहिले तीन शो सञ्चालन हुँदै आएको छ पछिल्लो समय हल सञ्चालनको अवस्था, चुनौती र दर्शकहरुको उपस्थितिका विषयमा केन्द्रित रहेर नवजनचेतना राष्ट्रिय दैनिकका लागि ***संगीता आचार्यले हल सञ्चालक सर्जुमान लिगलसँग*** गरेको कुराकानीको सम्पादित अंश ।

**☞अहिले चलचित्र हलको अवस्था कस्तो छ ?**

लामो समयको कोरोना महामारीका कारण हाम्रो हल मात्र होइन देशैभरका चलचित्र हलहरु संकटमा परे । अहिले सहज भए पनि राम्रोसँग हल चल्न सकेका छैनन् । एकातिर कोरोनाको असर अर्कोतर्फ सूचना प्रविधिको प्रयोगका कारण दर्शकहरुको उपस्थिति अत्यन्त न्यून हुने गरेको छ । पहिले भन्दा कम नै दर्शकहरु आउने गरेका छन् । पहिले युवा युवतीहरु जोडी बनेर हेर्न आउन्थे । अहिले त्यस्तो छैन । पहिले सिनेमाहलमा चलचित्र लाग्दा हेर्ने दर्शकहरुको भिड लाग्थ्यो । धरै जसो दर्शकहरुले युटुव,फेसबुक मै हेर्ने गर्छन् ।

**☞कोरोना अवधिभर हल अस्तव्यस्त बन्यो, अहिले कसरी व्यवस्थापन गर्नु भएको छ ?**

हो, यहाँले भने जस्तै कोरोनाको समयमा हामी हल सञ्चालन गर्न सकेनौं । सरकारले नै लकडाउन गरेका कारण हामी हललाई गोदामका रुपमा प्रयोगमा ल्यायौं । पछि समय सहज बन्दै गएपछि हामीले पुन: व्यवस्थित ढंगले हल सञ्चालनमा ल्याएका छौं । पहिलेकै अवस्थामा चल्ने देखिएन । हलमा दर्शक तान्न केही आरामदायी र सुविधायुक्त चाहिने भयो । त्यसैले केही लगानी गरेर स्तरोन्नति गरेका छौं । हलका सिटहरू परिवर्तन, साउण्ड सिस्टम स्तरीय, स्क्रिन परिवर्तन लगायतका कामहरु गरिएको छ ।

**☞विगत र अहिले दर्शकहरुको उपस्थिति कस्तो पाउनुभएको छ ?**

विगतका दिनहरुमा चलचित्र हेर्न भनेपछि सबै हुरुक्कै हुन्थे । पाल्पामा एक मात्र सन्तोष चलचित्र हल थियो । सबै दर्शकहरु हलमै हेर्नको लागि भिड लाग्ने गथ्यो भने अहिलेको इन्टरनेटको जमाना भएकै कारण त्यस्तो छैन ।

**☞किन दर्शकहरुको आकर्षण घट्दै गएको होला ?**

सिनेमा हलमा लाग्ने चलचित्र युटुव,फेसबुकबाट घरमै बसेर हेर्न पाइने भएकाले दर्शकहरु घट्दै गएको हाम्रो ठहर छ ।

**☞दैनिक कति शो सञ्चालनमा छ ?**

हामीले अहिले दैनिक ३ शो सञ्चालनमा ल्याएका छौं । दर्शकहरुको मागका आधारमा विहान ११:३०, दिउँसो २:३० र साझ ५:३० मा शो सञ्चालन भइरहेको छ ।

**☞हल सञ्चालनका चुनौतिहरु के के छन् ?**

अहिले हल सञ्चालनका थुप्रै चुनौतीहरु रहेका छन् । आधुनिक प्रविधिका कारण हलहरु सञ्चालनमा कठिनाई छ । हामीले दर्शकहरुको रोजाई अनुसार हल व्यवस्थापन गर्न चुनौति छ । एकातिर व्यवसाय घट्दै जाने र अर्कोतर्फ हललाई आधुनिक ढंगले सञ्चालन गर्नु हाम्रो लागि चुनौतिको विषय हो ।

**☞सरकारले के गर्दिए हुन्थो जस्तो लाग्छ ?**

हो सरकारले चलचित्र उद्योगमा लगानीमैत्री वातावरण सिर्जनाका लागि सोही अनुसारको नीति तथा कार्यक्रम बनाइदिनु पर्छ । अहिले संकटमा रहेका हलहरुलाई थप प्रोत्साहन गर्ने खालका कार्यक्रम ल्याउन सके केही हदसम्म भए पनि हल सञ्चालनमा राहत हुने थियो ।

**☞हल सञ्चालनमा अहिलेसम्म कति लगानी गर्नुभएको छ ?**

हालसम्म हल सञ्चालनमा १ करोड २५ लाख माथि लगानी भएको छ । वर्तमान अवस्था र दर्शकहरुको मागलाई ध्यानमा राखेर सन्तोष चलचित्रले आफुलाई अहिले अगाडि बढाएको छ ।

**☞अन्त्यमा के भन्न चाहानुहुन्छ ?**

सम्पूर्ण दर्शकहरुलाई सन्तोष चलचित्र हललाई माया गरिदिन आग्रह गर्दछु । हामी तपाईहरुलाई आधुनिक प्रविधिमार्फत सेवा दिने प्रयास गर्ने छौं । अहिले हामीले आरामदायी र सुविधायुक्त हलको व्यवस्था गरेका छौं ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई